नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

(...योजना तथा जरगा प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- ३।१।२०७८।०७९
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- २८३

मिति: २०७८।११।०४

विषय: सहयोग तथा समन्वय सम्बन्धमा ।

श्री नापी कार्यालयहरु, सबै ।

प्रस्तुत विषयमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको प. सं. २.१/ज.प्र./०७८/७९/२८० च.नं १००८ मिति २०७८।१०।२६ को पत्र र राष्ट्रिय भूमि आयोगको प.सं ०७८/७९ च. नं. ३०२ मिति २०७८।१०।२४ को पत्रको छायाँप्रति थान ३(तीन) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। तत् सम्बन्धमा संलग्न पत्रहरुबाट व्यहोरा अवगत गरी जिल्ला समिति गठन भएका जिल्लाहरुको हकमा जिल्ला समिति सँग र नभएका जिल्लाहरुको हकमा राष्ट्रिय भूमि आयोग सँगको समन्वयमा "राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८" बमोजिम आवश्यक कार्य गर्न/गराउन आदेशानुसार अनुरोध छ।

(राजु पुरी)
नापी अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(जग्गा प्रशासन)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

प.सं. २.१./ज.प्र./०७८।०७९।२८४
च.नं. १००८

मिति:-२०७८।१०।२६

विषयः समन्वय सम्बन्धमा ।

श्री नापी विभाग,
मीनभवन, काठमाडौं ।

भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा नाप नक्सा गर्ने कार्यको लागि यस आयोगबाट नापी प्राविधिक कर्मचारीहरु करार सम्झौता गरी जिल्ला सदरमुकाम स्थित नापी कार्यालयमा खटाईएकोले देहाय बमोजिमका जिल्लाका नापी कार्यालयहरुलाई राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ६ को खण्ड (घ) मा "सम्बन्धित मालपोत कार्यालयसँग समन्वय गरी सम्बन्धित नापी कार्यालयबाट जग्गा नापजाँच गरी नक्सा स्रेस्ता तयार गर्ने वा गराउने" कानूनी व्यवस्था भएको हुँदा सम्बन्धित नापी कार्यालयहरुलाई संलग्न विवरण बमोजिमका स्थानीय तहमा नाप नक्सा गर्न नापी विभाग मार्फत आवश्यक निर्देशन हुन भनी राष्ट्रिय भूमि आयोगको प.सं. ०७८/०७९ च.नं. ३०२ मिति २०७८/१०/२४ को पत्रबाट लेखि आएकोले आवश्यक समन्वयको लागि प्राप्त पत्र यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७८।१०।२६
(खेमनारायण पौडेल)
शाखा अधिकृत

नापी विभाग
दर्ता नं.: २२३६
प्राप्त मिति: २०७८-१०-२८

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

पत्र संख्या:- ०७८/७९
चलानी नं.- ३०२

ताहाचल, काठमाडौं

मितिः २०७८।१०।२४

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः समन्वय सम्बन्धमा।

प्रस्तुत विषयमा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा नाप नक्सा गर्ने कार्यका लागि यस आयोगबाट नापी प्राविधिक कर्मचारीहरु करार सम्झौता गरी जिल्ला सदरमुकाम स्थित नापी कार्यालयमा खटाइएको गरिसकिएकोले देहाय बमोजिमका जिल्लाका नापी कार्यालयहरुलाई राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ६ को खण्ड (घ) मा "सम्बन्धित मालपोत कार्यालयसँग समन्वय गरी सम्बन्धीत नापी कार्यालयबाट जग्गा नापजाँच गरी नक्सा स्रेस्ता तयार गर्ने वा गराउने" कानूनी व्यवस्था भएकोहुँदा सम्बन्धित नापी कार्यालयहरुलाई संलग्न बमोजिम लगायतका स्थानीय तहमा नाप नक्सा गर्न नापी विभाग मार्फत आवश्यक निर्देशन हुन तहाँ मन्त्रालयबाट पत्राचार हुन अनुरोध गर्दछु ।

जिल्लाहरुः इलाम, झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, बारा, रौतहट, पर्सा, सिन्धुली, मकवानपुर, चितवन, तनहुँ, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नपलपरासी (बर्दघाट सुस्ता पूर्व) , रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, वर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र डडेलधुरा ।

श्री आ. पु.

(अमिर प्रसाद न्यौपाने)
सदस्य सचिव

info@nlc.gov.np

www.nlc.gov.np

# नेपाल सरकार
# राष्ट्रिय भूमि आयोग
ताहाचल, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतिस (३५) दिने सूचना

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायका स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०७८ माघ १८ गतेदेखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नुहुन र आफूले आबाद कमोत गरेको जग्गाको नाप नक्सा सम्बन्धित नापी टोली खटिए पश्चात गराउन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**द्रष्टव्यः** यस अघि निवेदन दिइसकेकाहरूले निस्सा लिन र जग्गा नाप जाँच/चेकजाँच गराउन सम्पर्क गर्नु हुन अनुरोध छ ।

### तपसिल

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | | माई नगरपालिका |
| २ | इलाम | सुर्योदय नगरपालिका |
| ३ | | रोङ गाउँपालिका |
| ४ | झापा | कन्काई नगरपालिका |
| ५ | | बुद्धशान्ति गाउँपालिका |
| ६ | | कानेपोखरी गाउँपालिका |
| ७ | | पथरी शनिश्चरे नगरपालिका |
| ८ | मोरङ | बुढीगङ्गा गाउँपालिका |
| ९ | | सुन्दरहरैंचा नगरपालिका |
| १० | | उर्लाबारी नगरपालिका |
| ११ | | रतुवामाई नगरपालिका |
| १२ | सुनसरी | बराहक्षेत्र नगरपालिका |
| १३ | | बेलका नगरपालिका |
| १४ | उदयपुर | चौदण्डीगढी नगरपालिका |
| १५ | | त्रियुगा नगरपालिका |
| १६ | | कटारी नगरपालिका |
| १७ | सप्तरी | अग्नीसाइर कृष्णसरवन गाउँपालिका |
| १८ | | तिलाठी कोइलाडी गाउँपालिका |
| १९ | सिराहा | धनगढीमाई नगरपालिका |
| २० | | मिर्चैया नगरपालिका |
| २१ | महोत्तरी | बर्दिबास नगरपालिका |
| २२ | | सोनमा गाउँपालिका |
| २३ | सर्लाही | बागमती नगरपालिका |
| २४ | | कविलासी नगरपालिका |
| २५ | बारा | निजगढ नगरपालिका |
| २६ | | पचरौता नगरपालिका |
| २७ | | गरुडा नगरपालिका |
| २८ | रौतहट | यमुनामाई गाउँपालिका |
| २९ | | गुजरा नगरपालिका |
| ३० | पर्सा | बीरगन्ज महानगरपालिका |
| ३१ | सिन्धुली | कमलामाई नगरपालिका |
| ३२ | | हरिहरपुरगढी गाउँपालिका |
| ३३ | | बागमती गाउँपालिका |
| ३४ | मकवानपुर | हेटौडा उप-महानगरपालिका |
| ३५ | | बकैया गाउँपालिका |

| क्र.सं | जिल्ला | स्थानीय तह |
|---|---|---|
| ३६ | | भरतपुर महानगरपालिका |
| ३७ | चितवन | माडी नगरपालिका |
| ३८ | | कालिका नगरपालिका |
| ३९ | तनहुँ | शुक्लागण्डकी नगरपालिका |
| ४० | नवलपरासी पूर्व | हुप्सेकोट गाउँपालिका |
| ४१ | | मध्यविन्दु नगरपालिका |
| ४२ | नवलपरासी पश्चिम | सुनवल नगरपालिका |
| ४३ | रुपन्देही | देवदह नगरपालिका |
| ४४ | कपिलवस्तु | बाणगङ्गा नगरपालिका |
| ४५ | | लमही नगरपालिका |
| ४६ | | बबई गाउँपालिका |
| ४७ | दाङ | घोराही उप-महानगरपालिका |
| ४८ | | तुल्सीपुर उप-महानगरपालिका |
| ४९ | | दङ्गीशरण गाउँपालिका |
| ५० | बाँके | कोहलपुर नगरपालिका |
| ५१ | | राप्ती सोनारी गाउँपालिका |
| ५२ | बर्दिया | राजापुर नगरपालिका |
| ५३ | | बारबर्दिया नगरपालिका |
| ५४ | | चौकुने गाउँपालिका |
| ५५ | सुर्खेत | गुर्भाकोट नगरपालिका |
| ५६ | | भेरीगङ्गा नगरपालिका |
| ५७ | | धनगढी उप-महानगरपालिका |
| ५८ | | गोदावरी नगरपालिका |
| ५९ | कैलाली | भजनी नगरपालिका |
| ६० | | कैलारी गाउँपालिका |
| ६१ | | लम्किचुहा नगरपालिका |
| ६२ | | बेलौरी नगरपालिका |
| ६३ | कञ्चनपुर | कृष्णपुर नगरपालिका |
| ६४ | | दोधारा चाँदनी नगरपालिका |
| ६५ | | वेदकोट नगरपालिका |
| ६६ | | आलिताल गाउँपालिका |
| ६७ | डडेल्धुरा | गन्यापधुरा गाउँपालिका |
| ६८ | | अजयमेरु गाउँपालिका |